# न्यानो
# रहनुहोस र सुसुचित पनि




# मौसमको कारण विधालय रद्द हुने सुचना

## जब खराब मौसमका कारण विधालय रद्द गर्नु पर्ने हुन्छ, त्यस अवस्थामा तपाईलाई तुरुन्तै थहा पाउन आवश्यक पर्छ!

**कलम्बस सिटी स्कूल्स** फर्कि आउने जाडो मौसमकालागि सँधै तयार हुन्छन् र ती दिनहरूमा जब खराब मौसमले तपाँईका बच्चाको स्कूलका दिनहरुमा ठूलो असर पर्नसक्छ .... र तपाँईको व्यस्त दिनमा पनि। अगाडि नै योजना बनाउन निश्चित गर्नुहोस्।

**सम्पर्कमा रहनुहोस:** कक्षाहरूको ढिलाई वा रद्दका बारेका समाचारहरू, अतिरिक्त-पाठ्यवर्ती गतिविधिहरू, फिल्ड भ्रमणहरू वा विधार्थीहरुको खेलकुद कार्यक्रमहरू बारे थुप्रै तरिकाहरूद्वारा साझा गरिएको छ।

- सुनिश्चित गर्नुहोस् कि तपाँईको बच्चाको विधालयको फाइलमा तपाँईको सम्पर्क जानकारी सही छ। यदि तपाँईलाई यी जानकारी अद्यावधिक गर्न आवश्यक छ भने तपाँईको बच्चाको विधालयको मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस् वा **प्यारेन्ट पोर्टलमा** लग इन गर्नुहोस्। (यसमा आपतकालीन सम्पर्कहरू, फोन नम्बरहरू र इमेल ठेगानाहरू समावेश छन्)
- **कलम्बस सिटी स्कूल्स**लाई **फेसबुक**, **ट्विटर** र **इन्स्टाग्राममा** पछ्याउनुहोस् वा हाम्रो वेबसाइट मा हेर्नुहोस। हामी तपाँईको फोन वा ट्याब्लेटमा तत्काल सन्देशका रुपमा "हिउँ पर्ने दिन" र अन्य रद्दहरुबारे समाचार साझा गर्नेछौं।
- सबै सबै परिवार र कर्मचारीहरुलाई डिस्ट्रक्टको फोन प्रणालीबाट स्वचालित कलमार्फत सचेत गरिनेछ।
- स्थानीय टेलिभिजन र रेडियो स्टेसनबाट प्रशारण हुने खबरहरको निगरानी गर्नुहोस्।

**एकएउटा जगेर्ना योजना बनाउनुहोस:** जब खराब मौसमका कारणले विहानको समय ओसार-पसारमा असर हुन्छ, हाम्रा सुपरिन्टेन्डेन्टले विधालय रद्द हुने निर्धारिण गर्नु भइ 6:00 बजे भन्दा अगाडीनै यस कुराको जानकारी दिनु हुनेछ। यदि दिउँसो विकराल मौसमको पूर्वानुमान भएमा कक्षाहरू अगाडीनै खारेज गरिनेछ। तपाँईका बालबालिकाकालागि पहिल्यै एउटा वैकल्पिक योजना पहिल्यै तयार बनाएर राख्नुहोस्।

- **पर्यवेक्षण:** के तपाँईको बच्चा एक्लै घरमा रहन सक्छ वा पर्याप्त जिम्मेवार छ वा उनीहरुसँग कोहि बस्न आवश्यक छ?
- **स्वस्थ खाना:** के तपाँईको बच्चाकालाई नाश्ता र भोजनकालागि पौष्टिक खाना उपलब्ध छ?
- **सुरक्षित स्थान:** यदि कक्षाहरू चाँडै खारेज गरियो भने, के तपाँईको बच्चाआाफ्नो घरमा जान्छ कि अर्को स्थान जान्छ? यदि तपाँईको बच्चा 8 बर्ष भन्दा कम उमेरको छ भने, के उनीहरुलाई बस स्टपमा टिप्न वा लिन कोहि आउनेछ?
- **तल्लीन राख्ने क्रियाकलावहरु:** तपाँईको बच्चा अप्रत्याशित समयसम्म घरमा बस्नु परेको अवास्थामा, उनिहरुलाई तल्लीन राख्ने वा केहि गर्दै गर्न वा भूल्लिन, के उनीहरुकालागि कुनै सुरक्षित क्रियाकलावहरु छन् ?

**बारम्बार सोधिने प्रश्नहरु**का जवाफहरु पाउनकालागि **www.ccsoh.us वेवसाटमा** "वेदर वा मौसम" मा हेर्नुहोस्।

COLUMBUS CITY SCHOOLS